# बलेफी गाउँपालिका

बलेफी, सिन्धुपाल्चोक

# लैंगिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण (GESI Audit) प्रतिवेदन

२०८१/०८२

CamScanner

# बलेफी गाउँपालिका

बलेफी, सिन्धुपाल्चोक

## लैंगिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण (GESI Audit) प्रतिवेदन

## २०८१/०८२


प्रतिवेदक

..................................

ज्ञानेन्द्रप्रसाद तिमिल्सिना

प्रमुख

त्रिपुरा परामर्श सेवा केन्द्र


CamScanner

# विषय : सूची


१. परिचय

२ लैङ्गिक बजेट परीक्षणका उद्देश्य

३. लैङ्गिक बजेट परीक्षण विधि

४. बजेट विश्लेषण तथा आ.व. ०८०/८१ र ०८१/८२ मा विनियोजित बजेट तथा खर्च विवरण

५. लैङ्गिक बजेट परीक्षणका सूचक तथा उपसूचकहरुमा प्राप्ताङ्क सहित

६. माकुरी जालो, बार चार्ट तथा लैससास बजेट परीक्षणबाट प्राप्ता अंक सहित

७. सबल पक्ष र सुधार गर्ने पक्ष

८. कार्ययोजना

९. निष्कर्ष


## अनु-सूचीहरु:


अनुसूची १ : सहभागीको विवरण

अनुसूची २ : सन्दर्भ सामग्री

अनुसूची ३ : झलकहरु

अनुसूची ४ : गाउँपालिकाको आधारभूत तथ्याङ्क

अनुसूची ५ : विषयगत लैङ्गिक तथा सामाजिक समावेशी खण्डिकृत तथ्याङ्क

अनुसूची ६ : गाउँपालिकाको आव. ०८०/८१ र ०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम


CamScanner

२. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्य :**

- **बलेफी गाउँपालिकाको** आवधिक र वार्षिक योजनामा लैंङ्गिक मूलप्रवाहीकरणलाई संस्थागत गर्ने गरि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र उचित बजेटको व्यबस्थापनको लागि पहल गर्ने
- लैङ्गिक समानता तथा समावेशीकरणको लक्ष्यलाई गाँउपालिकाको संरचना र कार्य योजनामा स्थान दिने ।
- **गाउँपालिकाको** श्रोत परिचालन, वजेट विनियोजन तथा खर्चलाई लैङ्गिक दृष्टिले अनुगमन तथा मुल्यांकन गर्ने ।
- सरकारी तथा अन्य सरोकारवाला सस्थाहरुलाई लैङ्गिक संवेदनशील उत्तरदायी तथा जवाफदेही हुन अभिप्रेरित गर्ने ।
- लैङ्गिक मूलप्रवाहीकरणका नीति, कार्यकम तथा विभिन्न प्रतिवद्धताहरुलाई लैगिक परीक्षणद्वारा अनुगमन तथा मुल्यांकन गर्दै समावेशी विकासमा टेवा पुग्याउने ।

३. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण विधि :**

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिका संयोजक **बलेफी गाउँपालिकाका** अध्यक्ष गंगाबहादुर तामाङ संयोजकत्वमा Gesi कार्यान्वयन समिति गठन गरियो ।
- लैङ्गिक तथा सामाजिक समावेशी नीति सम्वन्धि अनुशिक्षण, लैंङ्गिक उत्तरदायी तथा समाजिक समावेशी परीक्षण तथा **बलेफी गाउँपालिकाका** सिन्धुपाल्चोकको लैंङ्गिक समानताको योजनाका बारे असार १७ र १८ गते २ दिन अभिमूखिकरण कार्यक्रम संचालन तथा परीक्षण गरियो ।

  **सहभागि संख्या :** २८ जना ।
- **बलेफी गाउँपालिकाका** अध्यक्ष गंगाबहादुर तामाङ, उपाध्यक्ष सरु लमा तामाङ लगाएत जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत लोकेन्द्र राई लगाएत शाखा प्रमुख तथा कर्मचारीहरु, महिला संजाल, बालबालिका संजाल, अपाङ्ग संजाल लगाएत समूहका प्रतिनिधिहरु, गैससका प्रतिनिधिहरु, प्रहरी प्रतिनिधि,संचारकर्मीहरु लगाएतको सहभागिता रहेको थियो ।
- गाउँपालिकाको नीति कार्यक्रम तथा वजेट, सम्वन्धित अभिलेखहरु संकलन तथा अध्ययन तथा विश्लेषण ।
- अध्ययनको आधारमा विद्यमान अभिलेखहरुमा उल्लेखित लैससास केन्द्रित कार्यक्रम तथा वजेटको विश्लेषण र छलफल ।
- संस्थागत लेखाजोखाको लागि प्रयोग गरिने विधिमा गाउँपालिकामा नीतिमा लैससास मुल प्रवाहिकरण , लक्षित कार्यक्रम, योजना तर्जुमा, कार्यान्वयन अनुगमन र मुल्यांकलन,

CamScanner

आन्तरिक संरचना, सुशासन, मानव संसाधन तथा क्षमता विकासगरि प्रमुख पाँच मूख्य शीषकहरुको १०० उपशिर्षकमा छलफल ।

- प्रत्येक उपशिर्षक भित्रका प्रश्नावलिमा सहभागी बिच छलफल गरि निष्कर्ष पछि पाएको अंङ्क प्रदान ।
- प्राप्त अंङ्कको आधारमा नगरपालिकाको वर्तमान अवस्था माकुरी जालोमा चित्रण र सामुहिक छलफल ।
- प्राप्ताङ्क र चित्र छलफलको आधारमा नगरपालिकाको लैङ्गिक संवेदनशीलता तथा महिला, दलित, जनजाती, अपाङ्ग भएका व्यक्तिको शसक्तिकरणका सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरुमा छलफल र पहिचान ।
- सिकाइका आधारमा पहिचान भएका सुधार गर्नुपर्ने पक्षलाई सम्वोधन गर्ने कार्ययोजना तयारी गरियो ।

### ४. वजेट विश्लेषण

सरोकारका क्षेत्र तथा कार्यक्रम अनुसार लैङ्गिक मुलप्रवाहिकरणका क्षेत्रमा **बलेफी गाउँपालिकाका सिन्धुपाल्चोकको** वजेट विनियोजन तथा खर्चको अवस्था, आ.व.०८०/८१ र ८१/८२ को वजेटको आधारमा विश्लेषण गरिएको छ । आ.व. ०८०/८१ र ०८१/८२ मा नगरपालिकाको नीति कार्यक्रम तथा बजेट एवं वडा तहवाट विनियोजित समावेशी शिर्षक तथा लैङ्गिक उत्तरदायी वजेट निम्न अनुसार विनियोजन गरेको पाईएको छ ।

**बलेफी गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश भएका लैङ्गिक उत्तरदायीको अवस्था :**

**बलेफी गाउँपालिका आ.व.०७७/७८ को लैससास बजेटको अवस्था**

- सरकाकरको नीति अनुसार स्थानीय सरकारले बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा निम्न शिर्षकमा समानुपातिक तथा समविकासका दृष्टिकोणले विनियोजन गनु पर्ने प्रावधान रहेको छ

१. स्वास्थ्य २.सामाजिक विकास ३.लक्षित वर्ग ४.कृषि तथा पशु विकास ५.शिक्षा ६.खेलकुद, साहित्य,सञ्चार, कला र संस्कृति ७. आन्तरिक श्रोत तथा राजश्व व्यवस्थापन ८.संगठन व्यबस्थापन तथा सुशासन ९. सूचना, संचार तथा प्रविधि विकास ।

**नीतिमा :**

- गाउँपालिका क्षेत्र भित्र विभिन्न संघ संस्था द्धारा संचालित कार्यक्रलाई गाउँपालिकाको दायित्व भित्र ल्याई परिणाम मुखि हुने गरि संचालन गरिने ।
- गाउँपालिका भित्र रहेका महिला, बालबालिका र पिछडा बर्गको संजाल मार्फत माग भई आएका लक्षित कार्यक्रमलाई प्राथमिता दिईने ।
- लक्षित बर्गलाई क्षमता विकास, सिप विकास, आयआर्जन कार्यक्रम संचालन गरिने ।

CamScanner

- अनाथ तथा जोखिममा रहेका बालबालिकालाई सामाजिक सुरक्षा कार्यक्रम संचालन गरिने ।
- ५९ वटा ससर्त योजनामा महिला, बालवालिका, अपांगता भएका, जेष्ठ नागरिक, दलित, लगायतका लक्षित वर्ग तोकेर बजेटको ब्यबस्थापन नगरिएको ।
- विषयगत ३४ योजना मध्ये बलेफी अपांग समितिको कार्यालय व्यबस्थापन १ लाख र लक्षित वर्ग भनि १० लाख विनियोजन भएको ।
- वडागत बजेटमा यस आर्थिक वर्षमा ८ वटै वडाले महिला तथा लक्षित वर्गको नाममा कुनै पनि बजेट विनियोजन नगरेको ।

( प्रत्येक वडालाई सो आर्थिक वर्षमा ६१ लखका दरले बजेट विनियोजन भएको थियो )

- बलेफी अपाङ्ग समाजको कार्यालय व्यबस्थापन -१ लाख ।
- सुत्केरी महिलालाई पोषिलो खानेपानी वितरण - १ लख ५० हजार ।
- नमुना महिला विकास समुह आयआर्जन कार्यक्रम -७५ हजार ।
- अपाङ्ग भएका बालबालिकालाई समूदायमा आधारिता पुनस्थापना सहयोग कार्यक्रम – ३ लाख ।
- बलमैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम –१ लख ५० हजार ।
- बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रम –७२ हजार
- बल विबाह अन्त्यको लागि समूदाय परिचालन कार्यक्रम –१ लख ५० हजार
- जेष्ठ नागरिक विश्राम स्थल निर्माण, बलेफी १ – ५ लाख

**लैससास दृष्टिल बलेफा उँपालिका आ.व.०७९/८० नीतिमा :**

- महिलाको सशक्तिकरणको लागि आवश्यतामा आधारित सिपमुलक तालिम संचालन गर्ने ।
- महिला हिंसा बिरुद्ध कार्यक्रम संचालन गर्ने ।
- गाउँपालिकालाई बाल मैत्री तह घोषणा गर्ने ।
- गाउँपालिका भित्रका बालश्रमीकहरुको पहिचान गरी उचित व्यवस्थापन गर्ने ।
- मपदण्ड बनाई एकल पुरुष भत्ताको व्यवस्थापन गरिने छ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।
- सुत्केरी पोषण कार्यक्रम संचालन गरिने छ ।
- उपाध्यक्ष नारी सुरक्षा/महिलासंग जनप्रतिनिधि कार्यक्रम संचालन गरिने छ ।
- अति विपन्न टुहुरा बालबालिकालाई छात्रावृतिको व्यवस्थापन गरिने छ ।

CamScanner

**बलेफी गाउँपालिका आ.व.०७९/८० को लैससास बजेटको अवस्था :**

- बाल समूह संजालको नियमित बैठक : १ लाख ५० हजार ।
- बाल मैत्री स्थानीय शासन घोषण : २८ लाख ५० हजार ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रा : ३ लाख ५० हजार ।
- छोरी सम्मान कार्यक्रम : ६ लाख ।
- बालमैत्री स्थानीय शासन कार्यक्रम : ४ योजनाको लागि ८ लाख ७० हजार ।
- बालमैत्री स्थानीय शाखा तथा बाल मैत्री वडा : ७ लाख ५० हजार ।
- सिम्ले महिला समूह साउण्ड सिस्टम खरिद गरि उपलब्ध गराउने : २५ हजार ।
- बाल संजाल नियमित बैठक बस्ने कक्ष व्यवस्थापन / वडा र पालिका : ४ लाख
- समाज सुधार महिला विकास सहकारी अनुदान : १ लाख
- वडा नं. ५ को नमूना महिला विकास समूह अनुदान : ७५ हजार ।
- अपाङ्ग मैत्री सामुदायिक भवन निर्माण अर्जेलडाँडा : ३ लाख

**वडा गत रुपमा लैससास बजेट विनियोजनको अवस्था**

- वडा नं. १ महिला,बालवालिका लक्षित कार्यक्रम २ लाख ।
- वडा नं.२ महिला लक्षित कार्यक्रम ५० हजार ।
- वडा नं. ३ महिला विकास तालिम तथा सामाग्री खरिद : २ लाख ।
- वडा नं. ४ : लक्षित वर्गकोलागि छुट्टै बजेटको व्यवस्था नरहेको । सुत्केरी आमालाई पोषण कार्यक्रम भनि ५० हजार विनियोजन भएको ।
- वडा नं. ५.अपाङ्ग भएका व्यक्तिलाई आयआर्जन सम्वन्धि कार्यक्रम : ७० हजार ।
- वडा नं.६. लक्षित वर्गको निमित्त खासै रकम विनियोजन नभएको ।
- वडा नं.७. महिला समुह धन्सार अनुदान : १ लख २५ हजार, महिला समूह साउने अनुदान : १ लख २५ हजार , बाल उद्यान निर्माण खाडिचौर : २ लाख ।
- वडा नं.८. महिला शसक्तिकरण कार्यक्रम : २ लाख । सुत्केरी महिल भेटघाट कार्यक्रम २ लाख, टोप्का महिला भवनको लागि फर्निचर : ५० हजार ।

CamScanner

गाउँपलिका ससर्त तर्फ :

- सामूदायिक विद्यालय छात्राको लागि निःशुल्क स्यानीटरी प्याड : ७ लाख ७८ हजार ।
- आमा बाबु विहिन बाल बालिका संरक्षण कार्यक्रम : ७२ हजार ।
- बलमैत्री स्थानीय तह घोषणा प्रोत्साहन : १ लख ५० हजार ।
- बल बिबाह अन्यको लागि समुदाय परिचालन : १ लख ५० हजार ।

**वार्षिक नीति,कार्यक्रम तथा बजेटमा लैससास आ.व. ०८०/८१ को लेखा जोखा**

- भूपेन्द्र भण्डारी आपाङ्ग मैत्री आवास : ३ लाख ।
- आपाङ्ग भएका व्यक्तिकालागि समूदायमा आधारित पुनस्थापना कार्यक्रम : (प्रदेश) ३ लाख ।
- बाबुआमा विहीन बालबालिका संरक्षण : ७२ हजार ।
- बाल मैत्री तथा अपाङ्ग मैत्री कार्यक्रम : २ लाख ।

**प्रदेश सरकारवाट हस्तान्तरित :**

- बाल मैत्री स्थानीय तह घोषणा : १ लख ५० हजार ।
- बालविवाह अन्त्यकालागि समूदाय परिचालन : १ लख ५० हजार ।
- वडा नं. ५, बालमैत्री कार्यक्रम संचालन : २ लाख ।
- वडा नं.६, कालिदेबी एकल महिला समूह आयआर्जन : ७५ हजार ।
- दलित महिला आयआर्जन कार्यक्रम : ७५ हजार ।
- बालमैत्री पोषण कार्यक्रम : १ लाख ।
- वडा नं.७, महिला सिप विकास तालिम : २ लाख ।
- वडा नं.८, महिला, बालबालिका, जेष्ठ नागरिक, एकल महिला सिप विकास : १ लाख ।
- महिला शक्ति समाज अनुदान वडा नं.७ : ५० हजार ।
- जनजाति लक्षित सीपमुलक तालिम : २ लाख ।
- गृहिणी महिला सशक्तिकरण कार्यक्रम गाँउपालिका साझेदारी : ६ लाख ८ हजार ।
- छोरी सम्मान कार्यक्रम : ३ लाख ३० हजार ।
- तीज विशेष शुभकामना आदान प्रदान कार्यक्रम : २ लाख ।
- दीवशीय कार्यक्रम (नारी दिवश,बाल दिवस आदी ) : २ लाख ।
- नेपाली टोल पञ्चेवाजा वितरण कार्यक्रम वडा नं.२ : १ लाख ।

CamScanner

- बालमैत्री कार्यक्रम तथा घोषणा : २२ लाख ।
- महिला उद्यमी समूह क्षमता विकास कार्यक्रम, वडा नं.८ : २ लाख ।
- महिला संजाल पुर्नगठन तथा संचालन कार्यक्रम : ६० हजार ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण : ५० हजार ।
- लैङ्गिक हिंसा विरुद्ध १६ दिने सचेतना अभियान : १ लाख ।
- सामाजिक विभेद न्यूनिकरणका लागि समूदाय परिभालन कार्यक्रम : ५० हजार ।
- महिला शक्ति समाज अनुदान बलेफी ७ : १ लाख ।
- बालमैत्री कार्यक्रम वडा नं.३ : ५० हजार ।
- महिला बालबालिका तथा अपाङ्ग सचेतना कार्यक्रम वडा नं.१ : १ लाख ।
- वडा नं.१ : दलित मैत्री सिपमुलक कार्यक्रम : २ लाख ।
- वडा नं.२ : बालमैत्री तथा पोषण मैत्री कार्यक्रम : १ लाख ।
- वडा नं.३ : समाबेशी क्षेत्रमा रकम विनियोजन नगरेको ।
- वडा नं.४ बालमैत्री घोषणा तथा विविध कार्यक्रम : ३ लाख ।
- वडा नं.५ : बालमैत्री कार्यक्रम संचालन : २ लाख ।
- वडा नं.६ : दलित आयआर्जन कार्यक्रम : १ लाख र बालमैत्री कार्यक्रम :१ लाख
- वडा नं.७ : दलित आयआर्जन कार्यक्रम : १ लाख ५० हजार र बालमैत्री कार्यक्रम : २ लाख
- वडा नं.८ : दलित महिला सिलाई कटाई तालिम बालमैत्री कार्यक्रम : ८० हजार, महिला सिपमुलक आयआर्जन कार्यक्रम : ४ लाख ।
- शिक्षा तथा स्वास्थ्य शाखावाट महिला तथा बालबालिका संग सम्वन्धित विभिन्न कार्यक्रम समेटिएको ।

**वार्षिक नीति,कार्यक्रम तथा बजेटमा लैससास आ.व. ०८१/०८२ को लेखा-जोखा, गाउँपालिका**

- जनजाति लक्षित सीपमुलक तालिम : २ लाख ।
- गृहिणी महिला सशक्तिकरण कार्यक्रम गाँउपालिका साझेदारी : ६ लाख ८ हजार ।
- छोरी सम्मान कार्यक्रम : ३ लाख ३० हजार ।
- तीज विशेष शुभकामना आदान प्रदान कार्यक्रम : २ लाख ।
- दीवशीय कार्यक्रम (नारी दिवश,बाल दिवस आदी ) : २ लाख ।

CamScanner

- नेपाली टोल पञ्चेवाजा वितरण कार्यक्रम वडा नं.२ : १ लाख ।
- बालमैत्री कार्यक्रम तथा घोषणा : २२ लाख ।
- महिला उद्यमी समूह क्षमता विकास कार्यक्रम, वडा नं.८ : २ लाख ।
- महिला संजाल पुर्नगठन तथा संचालन कार्यक्रम : ६० हजार ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण : ५० हजार ।
- लैङ्गिक हिंसा विरुद्ध १६ दिने सचेतना अभियान : १ लाख ।
- सामाजिक विभेद न्यूनिकरणका लागि समूदाय परिभालन कार्यक्रम : ५० हजार ।
- महिला शक्ति समाज अनुदान बलेफी ७ : १ लाख ।
- बालमैत्री कार्यक्रम वडा नं.३ : ५० हजार ।
- महिला बालबालिका तथा अपाङ्ग सचेतना कार्यक्रम वडा नं.१ : १ लाख ।

**वडा तहवाट बिनियोजित लैसासस बजेट र सोको कार्यान्वयनको अवस्था**

- वडा नं.१ : दलित मैत्री सिपमुलक कार्यक्रम : २ लाख ।
- वडा नं.२ : बालमैत्री तथा पोषण मैत्री कार्यक्रम : १ लाख ।
- वडा नं.३ : समावेशी क्षेत्रमा रकम विनियोजन नगरेको ।
- वडा नं.४ बालमैत्री घोषणा तथा विविध कार्यक्रम : ३ लाख ।
- वडा नं.५ : बालमैत्री कार्यक्रम संचालन : २ लाख ।
- वडा नं.६ : दलित आयआर्जन कार्यक्रम : १ लाख र बालमैत्री कार्यक्रम :१ लाख
- वडा नं.७ : दलित आयआर्जन कार्यक्रम : १ लाख ५० हजार र बालमैत्री कार्यक्रम : २ लाख
- वडा नं.८ : दलित महिला सिलाई कटाई तालिम बालमैत्री कार्यक्रम : ८० हजार, महिला सिपमुलक आयआर्जन कार्यक्रम : ४ लाख ।
- शिक्षा तथा स्वास्थ्य शाखावाट महिला तथा बालबालिका संग सम्वन्धित विभिन्न कार्यक्रम समेटिएको ।

CamScanner

राजनितीमा लैससासको अवस्था :

- स्थानीय तहको निर्वाचनमा अध्यक्ष पदको उम्मेदवार संख्या : १४ जना : सबै पुरुष, निर्वाचित संख्या १ पुरुष । - ( गंगाबहादुर तामाङ ) ।
- उपाध्यक्ष पदको उम्मेदवार संख्या : ६ जना मध्ये ५ जना महिला । १ जना पुरुष उम्मेदवार ढालहादुर थापा, एकिकृत समाजवादी । निर्वाचित पद १ महिला ( सरु लामा तामाङ ) ।
- वडा सदस्यको संख्या : १६ जना, उम्मेदवार संख्या :५९ जना, जसमध्ये पुरुष उम्मेदवार संख्या : ५८ जना, महिला उम्मेदवार संख्या १ जना, निर्वाचित महिला संख्या : १६ जना ।

५. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण परीक्षण सूचक तथा उपसूचकहरुमा प्राप्ताङ्क सहित :

| सि.नं. | प्रमुख विषय क्षेत्र | उप विषय क्षेत्र | अंक | सूचक नं. | सूचक | सूचकको अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| 1= | नीति, कानून, योजना २० | नीति र कानूनमा समावेशिता/सहभागिता | 8 | 1=1=1 | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे/नगरेको । | 0–1 | 1 |
| 2= | | | | 1=1=2 | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नुभन्दा अगाडी लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरे/नगरेको । | 0–1 | 1 |
| 3= | | | | 1=1=3 | स्थानीय तहको नीति र योजनामा लैंगिक समानता तथा सामाजिक समावेशी विकास ( स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी विषयहरु समावेश भए/नभएको । | 0–1 | 1 |
| 4= | | | | 1=1=4 | महिला र पुरुष लगायत लैंगिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु छन्/छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे/नगरेको) | 0–1 | 0.5 |
| 5= | | | | 1=1=5 | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको/नराखिएको । | 0–1 | 1 |
| 6= | | | | 1=1=6 | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाए/नमिलाएको । | 0–1 | 1 |
| 7= | | | | 1=1=7 | स्थानीय नीति तथा कानुनमा महिला, पुरुष लगायत लैंगिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहे/नरहेको । | 0–1 | 1 |
| 8= | | | | 1=1=8 | स्थानीय तहको नीति तथा कानुनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने | 0–1 | 1 |

CS CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | विभेद रोक्ने प्रावधान रहे/नरहेको । | | |
| 9= | | योजना तर्जुमा तथा कार्यान्वयन | 8 | 1=2=1 | आवधिक योजना र वार्षिक विकास कार्यक्रममा लैंगिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरे/नगरेको । | 0–1 | 1 |
| 10= | | | | 1=2=2 | गाउँपालिका/गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाई प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे/नगरेको । | 0–1 | 1 |
| 11= | | | | 1=2=3 | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रिय सहभागिता हुने गरे, नगरेको र लक्षित समूहले छनौट गरेका योजना प्राथमिकतामा पर्ने गरे/नगरेको । | 0–1 | 1 |
| 12= | | | | 1=2=4 | योनजा तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने गरे/नगरेको । | 0–1 | 1 |
| 13= | | | | 1=2=5 | योजना तर्जुमा गर्दा महिला र पुरुष एवम् लक्षित समूहको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए/नगरिएको | 0–1 | 0.5 |
| 14= | | | | 1=2=6 | स्थानीय तहले दिगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे/नगरेको । | 0–1 | 1 |
| 15= | | | | 1=2=7 | स्थानीय तहको योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बने/नबनेको । | 0–1 | 1 |
| 16= | | | | 1=2=8 | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समूहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरुको सहभागिता भए/नभएको र मुख्य कार्यकारी पदको जिम्मेवारी दिए/नदिएको । | 0–1 | 0.5 |
| 17= | | बजेट तर्जुमा तथा कार्यान्वयन | 4 | 1=3=1 | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपांग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने गरिए/नगरिएको । | 0–1 | 0.5 |

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 18= | | | | 1=3=2 | स्थानीय तहमा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम् परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए/नगरिएको र सोको कार्यान्वयन भए/नभएको । | 0–1 | 1 |
| 19= | | | | 1=3=3 | परीक्षण पश्चात लैंगिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरिए/नगरिएको र सो को कार्यान्वयन भए/नभएको | 0–1 | 0.5 |
| 20= | | | | 1=3=4 | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरुको हितमा कार्ययोजना अनुरुप कार्यक्रम सञ्चालन गर्ने गरिए/नगरिएको । | 0–1 | 1 |
| | | | | | जम्मा | | 18.0 |

CS CamScanner

| सि.नं. | प्रमुख विषय क्षेत्र | उप विषय क्षेत्र | अंक | सूचक नं. | सूचक | सूचकको अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| 21= | संस्थागत व्यवस्था २० | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | 4 | 2=1=1 | स्थानीय तहको निर्णायक तहमा महिलाहरु ( पदाधिकारी/कर्मचारी) को समानरुपमा (५०।५० प्रतिशत) प्रतिनिधित्व भए/नभएको | 0–1 | 0.5 |
| 22= | | | | 2=1=2 | स्थानीय तहका कर्मचारीहरुको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिंग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिए/नलिएको र सो बमोजिम कार्यान्वयन भए/नभएको | 0–1 | 1 |
| 23= | | | | 2=1=3 | स्थानीय तहले महिला लगायत विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्बन्धित लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहनसहन बुझेको साथै महिला सम्वेदनशिल कर्मचारी वा जनप्रतिनिधि समेत समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने गरे/नगरेको । | 0–1 | 1 |
| 24= | | | | 2=1=4 | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिए/नलिएको तथा उक्त नीति कार्यान्वयन गरिए/नगरिएको । | 0–1 | 1 |
| 25= | | कार्यप्रणाली समावेशी | 4 | 2=2=1 | महिला र पुरुषवीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति रहे/नरहेको । | 0–1 | 0.5 |
| 26= | | | | 2=2=2 | स्थानीय तहमा लैगिक विकास हेर्ने इकाईको व्यवस्था छ/छैन ? (लैगिक विकास डेस्क वा लैगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरे/नगरेको । | 0–1 | 1 |
| 27= | | | | 2=2=3 | स्थानीय तहबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव, महिला हिंसा नियन्त्रणको लागि, आचार संहित बनार लागु गरे/नगरेको । | 0–1 | 1 |
| 28= | | | | 2=2=4 | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा | 0–1 | 1 |

CS CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए/नभएको र यस समितिले वडा तथा वस्तिहरुमा योजना सम्बन्धी छलफल भए नभएको अनुगमन गरे/नगरेको । | | |
| 29= | | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | 4 | 2=3=1 | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरक्षको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे/नरहेको । | 0–1 | 0.5 |
| 30= | | | | 2=3=2 | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा वञ्चितिकरणमा परेको मसुदायका प्रतिनिधिहरुले छलफल तथा निर्णय निर्माणमा सक्रिय रुपमा भागलिन पाए/नपाएको । | 0–1 | 1 |
| 31= | | | | 2=3=3 | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे/नगरेको । | 0–1 | 1 |
| 32= | | | | 2=3=4 | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीगित र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरे/नगरेको । | 0–1 | 0.5 |
| 33= | | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | 4 | 2=4=1 | स्थानीय तहमा लैंगिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गरी कार्यान्वयन भए/नभएको । | 0–1 | 0.5 |
| 34= | | | | 2=4=2 | आदिवासी जनजाति, दलित लगायत अज्य लक्षित समुहका महिलाहरुको विकास र सशक्तिकरणको लागि बजेटको व्यवस्था भएको/नभएको र उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरे/नगरेको | 0–1 | 1 |
| 35= | | | | 2=4=3 | स्थानीय तहमा लैंगिक डेस्कको स्थापना र सञ्चालनको लागि आवश्यक जनशक्ति लगायत अन्य स्रोत साधनको लागि बजेटको व्यवस्था भए/नभएको र सो अनुसार कार्य भए/नभएको | 0–1 | 0.5 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 36= | | | | | 2=4=4 | स्थानीय तहले समावेशी सुचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे/नगरेको र कम्प्यूटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सुचना दिने गरे/नगरेको । | 0–1 | 1 |
| 37= | | | तथ्याङ्क संकलन तथा व्यवस्थापन | 4 | 2=5=1 | स्थानीय तहले वडा तथा वस्ती स्तरका समुदायका आधारभुत खण्डिकृत सूचना/तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने गरेको/नगरेको । | 0–1 | 1 |
| 38= | | | | | 2=5=2 | स्थानीय तहले वडा तथा वस्ती स्तरका समुदायका आधारभुत खण्डिकृत सूचना/तथ्याङ्क संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्सांकन गर्ने गरे/नगरेको । | 0–1 | 0.5 |
| 39= | | | | | 2=5=3 | स्थानीय तहले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङ्क र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरे/नगरेको । | 0–1 | 1 |
| 40= | | | | | 2=5=4 | स्थानीय तहले आफ्नो क्षेत्रका सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरु र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्यांक अध्यावधिक गरे/नगरेको । | 0–1 | 1 |
| | | | | | | जम्मा | | 16.5 |

| सि.नं. | प्रमुख विषय क्षेत्र | उप विषय क्षेत्र | अंक | सूचक नं. | सूचक | सूचकको अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| 41= | मानव संशाधन तथा क्षमता विकास २० | मानव संशाधन तथा क्षमता विकास | 8 | 3=1=1 | लैंगिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे/नगरेको छुट्टै शिर्षकमा बजेट विनियोजन भए/नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भइ कार्यान्वयनमा आए/नआएको । | 0–1 | 0.5 |
| 42= | | | | 3=1=2 | स्थानीय तहका पदाधिकारी/कर्मचारी/लक्षित समुहले लैंगिक तथा समावेशी विकास, लैंगिक हिंसा निवारण सम्बन्धी तालिम लिए/नलिएको र तालिम कार्यक्रममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गरे/नगरेको । | 0–1 | 1 |
| 43= | | | | 3=1=3 | तालिमका विषयवस्तुमा महिलाका आवश्यकता तथा सवालहरु समेटिए/नसेमिटएको र प्रस्तुतीकरणमा लैंगिक सम्बेदनशिल भाषाको प्रयोग भए/नभएको तथा तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिए/नलिएको । | 0–1 | 1 |
| 44= | | | | 3=1=4 | स्थानीय तहमा महिला तथा लक्षित समूहका पदाधिकारीको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण आदि) मा बजेट विनियोजन भई कार्यक्रम सञ्चालन भए/नभएको । | 0–1 | 1 |
| 45= | | | | 3=1=5 | स्थानीय तहमा लैंगिक, समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम सञ्चालन लगायतका कार्यक्रम कार्यान्वयन गर्न सक्ने यथेष्ट जनशक्ति भए/नभएको । | 0–1 | 1 |
| 46= | | | | 3=1=6 | स्थानीय तहमा मानव संसाधन विकास केन्द्र/शाखा/इकाइको व्यवस्था भए/नभएको र ति निकायमा जनशक्ति व्यवस्था गरे/नगरेको । | 0–1 | 1 |
| 47= | | | | 3=1=7 | स्थानीय तहमा महिला र लक्षित समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे/नरहेको र सो कार्यक्रम कार्यान्वयन भए/नभएको । | 0–1 | 0 |
| 48= | | | | 3=1=8 | महिला हक हित र अधिकार सम्बन्धी बेइजिंग घोषणापत्रले समेटेको १२ वटा प्रतिवद्धताका सम्बन्धमा स्थानीय तहका पदाधिकारी/कर्मचारीलाई जानकारी भए/नभएको र सोको अभिमुखीकरण गरे/नगरेको | 0–1 | 0.5 |

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 49= | | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार | 4 | 3=2=1 | महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरे/नगरेको । | 0–1 | 1 |
| 50= | | | | 3=2=2 | लैंगिक हिंसा मुक्त गाउँ/गाउँपालिका घोषणा गरे/नगरेको र महिला हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिए/नलिएको | 0–1 | 0.5 |
| 51= | | | | 3=2=3 | स्थानीय तहले महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमहरु सञ्चालन गरे/नगरेको | 0–1 | 0.5 |
| 52= | | | | 3=2=4 | स्थानीय तहले समाजमा रहेका विभिन्न सामाजिक कुरीति (जातिगत छुवाछुत, छाउपडी, बालविवाह, बहुविवाह, दाइजो आदि) हटाउन कार्यक्रमहरु सञ्चालन गरे/नगरेको । | 0–1 | 1 |
| 53= | | कानूनी साक्षरता | 4 | 3=3=1 | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधि र कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरु, विषयगत कानूनहरु, स्थानीय तहले जारी गरेका कानूनहरु र अन्य प्रचलित महत्वपूर्ण कानूनहरुको सम्बन्धमा अभिमुखीकरण गरे/नगरेको । | | 1 |
| 54= | | | | 3=3=2 | स्थानीय तहका कार्यपालिका सदस्य, सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानुनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समस्या समाधान लगायतका विषयवस्तु उपर अभिमुखीकरण गरे/नगरेको । | | 0 |
| 55= | | | | 3=3=3 | स्थानीय तहका प्रत्येक वडामा महिलाका लागि कानुनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम ( कानुनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिंसा, आदि) सञ्चालन भए/नभएको । | | 1 |
| 56= | | | | 3=3=4 | स्थानीय तहमा महिलाको लागि सञ्चालित कानुनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम ( कानुनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिंसा आदि) बाट उनीहरु लाभान्वित भए/नभएको । | | 1 |

CS CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 57= | | विपद व्यवस्थापनमा समावेशिता | 4 | 3=4=1 | स्थानीय तहले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति लगायत कार्यविधि तयारी गर्दा महिला तथा लक्षित वर्ग वा समुदायसँग परमार्श गरे/नगरेको र यस्ता दस्तावेजमा उक्त वर्ग र समुदायलाई लक्षित गरी विशेषण राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान राखे/नराखेको । | | 1 |
| 58= | | | | 3=4=2 | स्थानीय तहमा विपद सम्बन्धी तथ्याङ्क संकलन, नक्सांकन तथा व्यवस्थापन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालिन कार्य सञ्चालन तथा राहत वितरण गरे/नगरेको । | | 1 |
| 59= | | | | 3=4=3 | समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्य सञलन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायलाई सहभागी गराई उनीहरुलाई पहिलो प्राथमिकतामा राखे/नराखेको । | | 1 |
| 60= | | | | 3=4=4 | विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा लक्षित वर्ग वा समुदायको सहभागितामा निर्णय हुने गरे/नगरेको । | | 1 |
| | | | | | **जम्मा** | | **16** |

CamScanner

| सि.नं. | प्रमुख विषय क्षेत्र | उप विषय क्षेत्र | अंक | सूचक नं. | सूचक | सूचकको अंक | प्राप्तांक |
|---|---|---|---|---|---|---|---|
| 61= | सेवा प्रवाह २० | पूर्वाधार विकास | 4 | 4=1=1 | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्इङ, डिजाइन, लाथत अनुमान तयार गर्दाका बखत संरचना निर्माण भएपछि महिला, बालबालिका, अपांगता भएका व्यक्तिले निर्वाध प्रयोग गर्न सकिने गरी लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपांगता मैत्री/सम्वेदनशिल संरचनाको प्रावधान सहित हुने गरे/नगरेको । | 0–1 | 0.5 |
| 62= | | | | 4=1=2 | स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थय र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरु निर्माण गर्दा महिला, लैगिक तथा यौनिक अल्पसंख्यक, अपांगतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरे/नगरेको । | 0–1 | 0.5 |
| 63= | | | | 4=1=3 | स्थानीय तहले १५०० वर्गफिटभन्दा बढि प्लीन्थ क्षेत्रफल भएका निजि तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला, लैगिक तथा यौनिक अल्पसंख्यक, अपांगतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना निर्माण गर्ने प्रावधान सहित स्वीकृत दिने गरे/नगरेको तथा सो बमोजिम निर्माण हुने गरे/नगरेको । | 0–1 | 0 |
| 64= | | | | 4=1=4 | स्थानीय तहले महिला लगायत लक्षित समुदायलाई लक्ष्य गरी परम्परागत तथा आधुनिक उर्जा (जलविद्युत लगायत विभिन्न वैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो, आदि) को प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरु सञ्चालन गरे/नगरेको । | 0–1 | 1 |
| 65= | | प्रजनन स्वास्थ्य | 4 | 4=2=1 | प्रजनन स्वास्थ्य सम्बन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरायुक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यान्वयन गरे/नगरेको । | 0–1 | 1 |
| 66= | | | | 4=2=2 | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाई लक्षित गरी अलग्गै स्तनपानकक्षको व्यवस्था गरे नगरेको र सो को कार्यान्वयन भए/नभएको । | 0–1 | 1 |

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 67= | | | | 4=2=3 | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, जनस्वास्थ्य लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरु (सुत्केरी हुँदाको स्वास्थय अवस्था सुधार गर्न, किशोरीहरुको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न। एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आंग खस्ने लगायतका विषयहरु) सञ्चालन गरे/नगरेको । | 0–1 | 1 |
| 68= | | | | 4=2=4 | महिला, आर्थिक रुपले विपनन घर परिवार लगायत लक्षित समुहको स्वास्थ्य विमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट व्यवस्था गरे/नगरेको तथा सोको कार्यान्वयन गरे/नगरेको । | 0–1 | 0.5 |
| 69= | | शिक्षा कार्यक्रम | 4 | 4=3=1 | स्थानीय तहले आफ्नो क्षेत्र भित्रका विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रबन्ध मिलाए/नमिलाएको र सो उमेर समूहका सबै बालबालिकाहरु विद्यालय भर्ना भए/नभएको । | 0–1 | 1 |
| 70= | | | | 4=3=2 | स्थानीय तहले आफ्नो क्षेत्र भित्रका आथिक अवस्था कमजोर भएका परिवारका बालबालिका तथा लक्षित समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक, शैक्षिक सामग्री तथा पोषाक र छात्रवृत्तिको व्यवस्था गरी निष्पक्ष वितरण हुने प्रबन्ध मिलाए/नमिलाएको । | 0–1 | 1 |
| 71= | | | | 4=3=3 | निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गर्ने नीति तथा बजेट र कार्यक्रम भए/नभएको तथा सो अनुरुप कार्यक्रमहरु (जस्तै: अभिभवाक शिक्षा, प्रौढ तथा किशोरी कक्षा, आदि) कार्यान्वयन भए/नभएको । | 0–1 | 0.5 |
| 72= | | | | 4=3=4 | विद्यालयमा छात्र र छात्रा तथा यौनिक अल्पसंख्यकका लागि छुट्टाछुट्टै शौचालय, पानीको व्यवस्था, किशोरी छात्राको लागि सेनिटरी प्याड, साबुन लगायत आवश्यक सामग्रीको व्यवस्थाको साथै यौन शिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन हुने गरे/नगरेको । | 0–1 | 1 |

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 73= | | खानेपानी तथा सरसफाई | 4 | 4=4=1 | स्थानीय तहका कार्यालय तथा सार्वजनिक स्थलहरुमा सफा पिउने पानी, हात धुने व्यवस्था, महिला, पुरुष तथा यौनिक अल्पसंख्यकको लागि अलग्गै शौचालयको व्यवस्था र साबुन तथा स्यानिटाइजर, आदि प्रबन्ध गरे/नगरेको । | 0–1 | 1 |
| 74= | | | | 4=4=2 | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, पिउने पानी, पोखरी टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे/नगरेको । | 0–1 | 1 |
| 75= | | | | 4=4=3 | स्थानीय तहका सबै गाउँ, वस्ती तथा टोलटोलमा कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबारी, कौसीखेती तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरुषको समान सहभागिता अभिवृद्धि गर्न जनचेतना लगायत कार्यक्रम सञ्चालन हुने गरे/नगरेको । | 0–1 | 1 |
| 76= | | | | 4=4=4 | स्थानीय तहका गाउँ, टोल, वस्तीहरुमा सफापानीको सहज व्यवस्थाका लागि आकासेपानी संकलन र भण्डारण, परम्परागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ जस्ता कार्यक्रम स्वीकृत भए/र ति कार्यक्रम सञ्चालन गर्दा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा हुने गरे/नगरेको । | 0–1 | 0.5 |
| 77= | | स्वरोजगार आय आर्जन र बजार व्यवस्थापन | 4 | 4=5=1 | स्थानीय तहको आवधिक योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरिबी नक्सांकन समेतको आधार लिई महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमुलक, आयमुलक र सीपमुलक कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गरे/नगरेको । | 0–1 | 1 |
| 78= | | | | 4=5=2 | स्थानीय तहले स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समूहको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गरे/नगरेको । | 0–1 | 1 |
| 79= | | | | 4=5=3 | ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, खाद्य प्रविधि, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने नीति लिई सो अनुरुप कार्यक्रम सञ्चालन गरे/नगरेको । | 0–1 | 0.5 |

CS CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 80= | | | | 4=5=4 | गरिब तथा लक्षित समूहको पहुँच र क्रयशक्ति अनुरुप सुपथ मुल्य सहकारी पसलहरुको व्यवस्थापन गर्ने स्थानीय तहको नीति रहे/नरहेको र सो अनुरुप कार्यक्रम कार्यान्वयन भए/नभएको। | 0–1 | 0 |
| | | | | | **जम्मा** | | **15** |

CamScanner

| सि.नं. | प्रमुख विषय क्षेत्र | उप विषय क्षेत्र | अंक | सूचक नं. | सूचक | सूचकको अंक | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| 81= | सुशासन तथा उत्तरदायित्व २० | सुशासन | 4 | 5=1=1 | स्थानीय तहले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्द्धनका विषयमा नीति, कानुन जारी गरी सोही बमोजिम तोकिएका पदाधिकारी/समिति/कार्यदलबाट निर्णय गरी कार्य गर्ने गरेको वा तदर्थ (पटके/स्वेच्छा अनुरुप) निर्णय गरी कार्य हुने गरेको । | 0–1 | 1 |
| 82= | | | | 5=1=2 | स्थानीय तहले विधिको शासन प्रवर्द्धन, जनसहभागिता अभिवृद्धि, भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलता, सेवा प्रवाहमा निष्पक्षता र महिला तथा लक्षित समुहलाई अग्राधिकार दिने नीति लिई सो बमोजिम कार्यान्वयन गरे/नगरेको । | 0–1 | 1 |
| 83= | | | | 5=1=3 | महिला अधिकार तथा समानताका लागि भएका बेइजिंग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको/नगरेको । | 0–1 | 0.5 |
| 84= | | | | 5=1=4 | संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लख भए अनुरुपका प्रतिवद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम सञ्चालन गरे/नगरेको । | 0–1 | 1 |
| 85= | | उत्तरदायित्व र जवाफदेहिता | 4 | 5=2=1 | स्थानीय तहले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सुचनाको सार्वजनिककरण गर्न गरे/नगरेको । | 0–1 | 1 |
| 86= | | | | 5=2=2 | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समूहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे/नगरेको । | 0–1 | 1 |
| 87= | | | | 5=2=3 | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण। सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सुचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुदायको तर्फबाट स्थानीय तहले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयनका विषयमा प्रश्न उठ्ने गरे/नगरेको र सोको अभिलेख राखी उठेका प्रश्नउपर स्थानीय तहबाछ सम्बोधन हुने गरे/नगरेको । | 0–1 | 1 |

CS CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 88= | | | | 5=2=4 | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचारसंहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए/नल्याएको । | 0–1 | 1 |
| 89= | | | 4 | 5=3=1 | स्थानीय तहले नियमित रुपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्जनिक गर्ने गरे/नगरेको र महिला, लगायत अन्य सबै लक्षित समूहका लागि राखिएका कार्यक्रम तनथा सोको बजेट सरोकारवालाले थाहा पाउने गरी सार्वजनिक गरे/नगरेको । | 0–1 | 1 |
| 90= | | सूचना तथा सञ्चार | | 5=3=2 | स्थानीय तहले स्थानीय सूचना सबैले बुझ्ने गरी स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे/नगरेको । | 0–1 | 0.5 |
| 91= | | | | 5=3=3 | स्थानीय तहले स्थानीय रेडियो, एफ.एम. छापा लगायत श्रव्यदृश्य समेतका सबै माध्यमद्वारा लैगिक समानता तथा समावेशीकरण सम्बन्धी सुचना प्रवाह गरी जनतलाई सुसुचित गरे/नगरेको । | 0–1 | 1 |
| 92= | | | | 5=3=4 | स्थानीय तहमा महिला लगायत सबै लक्षित समुहमा सूचना, शिक्षा तथा सञ्चारसम्बन्धी कार्यक्रमको प्रवाहबाट जनचेतना वृद्धि भएको/नभएको | 0–1 | 1 |
| 93= | | | 4 | 5=4=1 | स्थानीय तहबाट सञ्चालित कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सकने/नसकेको । | 0–1 | 1 |
| 94= | | अनुगमन तथा मूल्यांकन | | 5=4=2 | स्थानीय तहले सञ्चालन गरेका लैंगिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्यांकन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गरे/नगरेको । | 0–1 | 1 |
| 95= | | | | 5=4=3 | स्थानीय तहको समिक्षा बैठकमा महिला लगायत सबै लक्षित वर्ग तथा समुदायको उपस्थितिमा उक्त वर्गसँग सम्बन्धित लक्षित कार्यक्रम उपर छलफल हुने गरे/नगरेको । | 0–1 | 1 |
| 96= | | | | 5=4=4 | अनुगमन तथा मूल्यांकनको पृष्ठपोषणलाई सम्बोधन गरी योजना तथा कार्यक्रम तयार गरे/नगरेको । | 0–1 | 1 |
| 97= | | समन्वय र सम्बन्ध | 4 | 5=5=1 | स्थानीय तहले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरे/नगरेको । | 0–1 | 1 |

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 98= | | | | 5=5=2 | लैंगिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरुबीच सञ्जाल निर्माण भई कार्यगत छलफल हुने गरे/नगरेको । | 0–1 | 1 |
| 99= | | | | 5=5=3 | लैंगिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरुबीच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरुलाई लैंगिक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिम प्रदान गरे/नगरेको । | 0–1 | 1 |
| 100= | | | | 5=5=4 | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मवारी भनि उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यान्वयन गरे/नगरेको । | 0–1 | 1 |
| | | | | | जम्मा | | 19 |

**सहभागिहरुलाई ५ समूहमा विभाजनगरि मुख्य ५ सूचकको २०/२० नम्बरको दरले जम्मा १०० पूणाङ्कमा छलफगर्दा समूहरुवाट प्राप्त अंङ्क :**

१.नीति,कानूर र योजना : प्राप्ताङ्ग–१८

२. संस्थागत व्यवस्था : प्राप्ताङ्ग–१६.५

३. मानव संशाधन तथा क्षमता विकास : प्राप्ताङ्ग–१६


४. सेवा प्रवाह : प्राप्ताङ्ग–१५

५.सुशासन तथा उत्तरदायित्व : प्राप्ताङ्ग– १९

**जम्मा प्राप्त अंङ्क : ८४.५**

CamScanner

**बलेफी गाउँपालिका सिन्धुपाल्चोकको लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था माकुरी जालोमा**





**जम्मा अंक : ८४.५**

CamScanner

**बलेफी गाउँपालिका सिन्धुपाल्चोकको लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था**

**बार चार्टमा**




**जम्मा अंक : ८४.५**

CamScanner

७. सवल पक्ष र सुधार गर्नु पर्ने पक्षहरु :

१. नीति, कानून र योजना

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| गाउँपालिकाको नीति तथा कार्यक्रममा लक्षित वर्ग भनि उल्लेख गरिएको । | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको बारेमा प्रष्ट संग नखुलेको प्रष्ट संग खुल्नु पर्ने । |
| नीति तथा कार्यक्रममा समावेशीता, उल्लेख भई उल्लेखित नीतिलाई पुरा गर्न पहल गरिनु । | नीतिलाई पुरा गर्न स्पष्ट कार्यविधि बनाएर कार्यान्वयनमा ल्याउनु पर्ने । |

२. संस्थागत ब्यबस्था

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| स्थानीय तहका जनप्रतिधिहरु निर्णायक तहमा रहेको । | कर्मचारी संयन्त्रमा भने शाखा प्रमुखको जिम्मेवारी बहन गर्ने महिला कर्मचरी खासै नरहेको । |
| लक्षितवर्गको क्षमता विकासकोलागि केही तालिम लगाएतका कार्यक्रम संचालन भएको । | लक्षित वर्गका सबै क्षेत्रलाई समानुपातिक तथा योजना बद्ध कार्यक्रम ल्याउनु पर्ने । |
| नगरपालिकाको तथ्याङ्कहरु वर्षिक योजना पुस्तक तथा वेभ साईडमा प्रकाशित गरिनु । | नगरपालिका तथा वडा कार्यालयको समेत खण्डिकृत तथ्याङ्क संकलन र अध्यावधिक गरिनु पर्ने । उक्त तथ्याङ्कले योजना तर्जुमा तथा बजेट बिनियोजनमा सकारात्मक टेवा पुग्ने । |

३. मानव संसाधन तथा क्षमता विकास

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| जनप्रतिनिधि तथा कर्मचारी बर्गलाई केही मात्रामा क्षमता विकासका तालिमहरु संचालन हुनु । | नगरपालिकाको तर्फवाट निशर्त बजेट समेत जनप्रतिनिधि तथा कर्मचारीको विषयगत क्षमता वृद्धि कार्यक्रम संचालन गर्नु पर्ने । |
| समुदायमा आधारित विपद जोखिम लगाएतका कार्य गर्दा महिला तथा लक्षित वर्गको सहभागिता गराईएको । | समुदायमा आधारित विपद् जोखिम लगाएतका कार्य गर्दा महिला तथा लक्षित वर्गको सहभागिता कम हुने गरेको हुँदा समावेशी प्रतिनिधित्वको पहल गरिनु पर्ने । |
| नयाँ बनेका संरचनामा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगतामैत्री तथा | स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थय र अन्य सामाजिक |

CamScanner

| | |
|---|---|
| बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने संरचना निर्माणको थालनी गरेको । | पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरु निर्माण गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिनु पर्ने । साथै पुराना संरचनाको पनि सुधार गर्ने प्रयत्न गरिनु पर्ने । |
| | महिला हक हित र अधिकार सम्बन्धी बेइजिंग घोषणा-पत्रले समेटेको १२ वटा प्रतिवद्धताका सम्बन्धमा स्थानीय तहका पदाधिकारी,कर्मचारीलाई अभिमुखीकरण कार्यक्रमको आयोजना गर्नु पर्ने । |
| वडा नं.५ बालमैत्री स्थानीय तह घोषणा गरिनु । | लैङ्गिक हिंसा मुक्त गाउँपालिका घोषणाको पहल गरिनु पर्ने । साथै बालमैत्री स्थानीय तह घोषणा बाँकी भएका वडाहरुको घोषणाका लागि परिणामुखि कार्य अगाडि लानु पर्ने । |
| संस्थाको विविध विषयमा अभिमुखी कार्यक्रमहरु संचालन हुनु । | स्थानीय तहका कार्यपालिका सदस्य, सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानुनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समस्या समाधान लगायतका विषयवस्तु उपर अभिमुखीकरण गरिनु पर्ने । |

**४.सेवा प्रवाह**

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| स्थानीय तहको विकास निर्माणका काम गर्दा बाल मैत्री तथा अपाङ्गमैत्री बनाउनु पर्छ भन्ने जानकारीमा रहेको । | स्थानीय तहको विकास निर्माणका काम गर्दा बाल मैत्री तथा अपाङ्गमैत्री बनाउनु पर्छ भन्ने जानकारीमा रहेपनि सबै निर्माणमा बालमैत्री तथा अपाङ्गमैत्री बनाउने तर्फ लाग्नु पर्ने । |
| स्थानीय तहको कार्यालय, स्वास्थ्य संस्थाहरुमा लगायत सार्वजनिक स्थानका केही ठाँउमा स्थानपान स्थल रहनु । | स्थानीय तहको केही कार्यालयमा स्थानपान स्थल रहेपनि महत्वपूर्ण सार्वजनिक स्थलहरु चोक, स्वास्थ्य तथा वडा कार्यालयहरुमा महिला तथा पुरुषको लागि छुट्टै छुट्टै शौचालयको व्यवस्थापन गर्नु पर्ने । छुट्टै छुट्टै शौचालय भएको तर महिला पुरुष छुट्याउने ईन्डिकेटर नभएको खण्डमा सो व्यवस्था गर्नु पर्ने । |
| | गृहिणी महिलाहरुकोलागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गर्ने नीति, बजेट तथा कार्यक्रमा ल्याई अभिभवाक शिक्षा, प्रौढ तथा किशोरी कक्षा (निरन्तर शिक्षा) कार्यक्रम संचालन गरिनु पर्ने । |
| | गरिब तथा लक्षित समूहको पहुँच र क्रयशक्ति अनुरुप सुपथ मुल्य सहकारी पसलहरुको व्यवस्थापन गर्ने नीति तर्जुमा गरि सो प्रकृतिको पसल संचालनमा ल्याउनु पर्ने । |

CamScanner

५.सुशासन तथा उत्तरदायित्व

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| पालिकाले आफ्नो गतिविधिहरु नागरिक समक्ष पुर्‍याउन आफु वा आफु मातहत कार्यालयहरुको सार्वजनिक सुनुवाई गर्ने गरेको । | पालिकाले कम्तिमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई, वार्षिक रुपमा सामाजिक परीक्षण,अर्धवार्षिक रुपमा समिक्षा,वडाले अर्ध वार्षिक रुपमा सार्वजनिक सुनुवाई र ठुला खालका आयोजनाले सामाजिक लेखा परीक्षण गरि आम्दानी खर्च सार्वजनिकीकरण गर्नु पर्ने । |
| केही सार्वजनिक सेवा कार्यालयहरुमा सुझाव पेटीका रहेको । | सबै सार्वजनिक सेवा केन्द्रहरुमा सुझाव पेटीका वा गुनासो पेटीका र वडा नागरिक वडा पत्र अनिवार्य रुपमा व्यवस्थापन गरिनु पर्ने । |

**८. सुझाव : लैससास सम्वन्धि कार्ययोजना निर्माण गर्न र कम अंङ्क प्राप्त भएका विषलाई प्राथमिकतामा राखि योजना निर्माण तथा कार्यान्वयनमा जोडदिनु पर्ने :**

| क्र.सं. | योजनाको नाम | क्रियाकलाप | जिम्मेवारी |
|---|---|---|---|
| १. | सुधारगर्नु पर्ने महलको बुँधागत अध्ययन गरि सामाजिक विकास समितिले योजना तर्जुमा गर्दा उपयुक्त हुँने । कम अंक प्राप्त भएकालाई विशेष जोड दिजु पर्ने | प्रतिवेदनको अध्ययन, नीतिमा समावेश तथा शुष्म योजना निर्माण । | नगरपालिका, सामाजिक विकास समिति र महिला तथा बालबालिका शाखा । |

**९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण आएको निश्कर्ष :**

- गाउँपालिकाको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास समावेश भएको पाईन्छ । तर अझै पनि व्यवहारिक रुपमा महिला पुरुष बिच विभेद अन्त्य गर्नकार्य नीति तथा आचारसहिंता तयार गरि कार्यान्वयन गर्नु पर्ने देखिन्छ । गाँउपालिका उपप्रमुखले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा महिला मैत्री वातावरण सिर्जना तथा हिंसा न्यूनिकरण लगाएतका कार्यक्रमहरु समेटिएको पाइयो ।

CamScanner

- लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी वजेट परीक्षण नगर परिषद् पूर्व गर्न आवश्यक छ ,जसले गर्दा परीक्षण बाट प्राप्त नतिजालाई आधार मानेर आगामी योजना निर्माण गर्न प्रभावकारी हुन सक्ने हुँदा कार्यान्वयनमा लाग्नुपर्ने देखिन्छ ।
- गाउँपालिकाले सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा महिला सन्जाल, अपाङ्ग संजाल, बालबालिका संजाल, जेष्ठ नागरिक संजाल, दलित संजाल,जनजाति संजालको गठन गरि समितिका सदस्यहरुलाई लैगिंक मूलप्रवाहीकरण, सामाजिक समावेशीकरण सम्वन्धि तालिम दिनु पर्ने आवस्यकता रएको देखिन्छ ।
- तालिमले साझा बुझाई निर्माण गर्नुको साथै लैङ्गिक मैत्री तथा सामाजिक समावेशी र सम्वेदनशील बनाउन सहयोग पुग्याउँछ ।
- लैङ्गिक तथा समाजिक समावेसी विकासको लागि विभिन्न कार्यालयहरु विच संयन्त्र वनाई समन्वय गर्नुपर्ने देखिन्छ ।
- लक्षित वर्गको आवस्यकता अनुसार योजनाका उपभोक्ताहरुलाई तालिम दिनु आवस्यक देखिएको छ । जसले योजनाको प्रभावकारी कार्यान्वयनका साथै प्रभावकारी उपलब्धि ल्याउन मद्धत गर्दछ ।
- जिल्लामा कार्यरत अन्य सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय र सहकार्य गरी महिलाका क्षेत्रमा गरिएका लागानी , त्यसको असर र प्रभावको अध्ययन तथा विश्लेषणको लागि नेतृत्वदायी भूमिका निर्वाह गनुका साथै एकिकृत कार्ययोजना निर्माण, कार्यान्वयन अनुगमनको संयन्त्र तयार गर्नु पर्ने देखिन्छ ।
- लक्षित वर्गको रकम सम्वन्धित वर्गलाई विनियोजन गरिएपनि लक्षित वर्गका उपभोक्ता समिति /समुह सदस्यकरुको उचित ज्ञान र सिप नपुग्दा योजना तथा कार्यक्रमको सहि सदुपयोग हुन नसक्ने हुँदा त्यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ । सो को लागि नेतृत्व विकास, क्षमता विकास, प्रस्तावना लेखन तथा प्रतिवेदन लेखन तालिमको आवश्यकता देखिएको छ ।
- गाउँपालिका महिला तथा अन्य लक्षित वर्गाकालागि रकम विनियोजन गर्ने गरेको पाईयो । जसमध्ये संघ र प्रदेशको शसर्त अनुदानमा बढी निर्भर रहेको देखिएकाले आन्तरिक श्रोतको रकमवाट पनि आवश्यक मात्रामा विनियोजन गर्नु देखिन्छ ।

प्रतिवेदक:

( ज्ञानेन्द्र प्रसाद तिमिल्सिना)
प्रमुख, त्रिपुरा परामर्श सेवा केन्द्र
चौतारा, सिन्धुपाल्चोक

त्रिपुरा परामर्श सेवा केन्द्र
२०७३
चौतारा सिन्धुपाल्चोक

[illegible]

[illegible]

CamScanner

बलेफी गाउँपालिका, बलेफी सिन्धुपाल्चोकको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI AUDIT) गाउँ पालिका अध्यक्ष गंगाबहादुर तामाङको अध्यक्षतामा निम्न उपस्थितिमा देहाय बमोजिमको मितिमा सम्पन्न गरियो ।

| | नाम थर | पद | कार्यालय | २०८२ असार १६ गते हस्ताक्षर | १८ गते हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | गंगाबहादुर तामाङ | अध्यक्ष | बलेफी गा.पा. | [signature] | [signature] |
| २. | सुकमाया तामाङ | उपाध्यक्ष | ,, | [signature] | [signature] |
| ३. | लोकेन्द्र बहादुर राई | प्रमुख प्रशासकीय अधिकृत | ,, | [signature] | [signature] |
| ४. | हुप ब. खड्का | वडा अध्यक्ष | ,, | | |
| २. | छली ओपाने | वडा अध्यक्ष | ,, | [signature] | [signature] |
| ३. | रितेश तामाङ | वडा अध्यक्ष | ,, | | |
| ४ | सुर्य तामाङ | वडा अध्यक्ष | ,, | | |
| ५. | यादव ठकुरी | ,, | ,, | [signature] | [signature] |
| ६. | तेज ब. पराजुली | ,, | ,, | | |
| ७. | गविन्द्र चेलागाई | ,, | ,, | | |
| ८. | रमेश श्रेष्ठ | ,, | ,, | | |
| ९. | देवकी भुजेल | कार्यपालिका सदस्य | ,, | देवकी | देवकी |
| १० | कविता काफ्ले | ,, | ,, | कविता | कविता |
| ११. | नारायण खड्का | ,, | ,, | [signature] | [signature] |
| १२. | ओम प्रकाश जोशी | शिक्षा अधिकृत | ,, | [signature] | [signature] |
| १३. | सन्देश हमाल | ना.प्रा.स. | ,, | [signature] | [signature] |
| १४. | दिपेन्द्र बंगाल | प.हे.प्रा. | ,, | [signature] | [signature] |
| १५. | चेतन घिमिरे | ज.अ. | बलेफी गा.पा. | [signature] | [signature] |
| १६. | सविता श्रेष्ठ | पो.स. | ,, ,, ,, | [signature] | [signature] |
| १७. | गीता कुमारी खरेल | अ.हे.व. | ,, ,, | [signature] | [signature] |
| १८. | रमिला सापकोटा | उ.स. | ,, | [signature] | [signature] |
| १९. | भगवति तिमल्सिना | ल्यापिक स. | ,, | [signature] | [signature] |
| २०. | नारायण पराजुली | क.अ. | ,, | [signature] | [signature] |
| २१. | माधव अधिकारी | फ.प.अ. | ,, | [signature] | [signature] |
| २२. | प्रितम कुमार तामाङ | पत्रकार महासंघ सिन्धु० सदस्य | पत्रकार महासंघ | [signature] | [signature] |

| | नाम, थर | पद | कार्यालय | हस्ताक्षर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २५ | पुस्कर देव गिरी | ले. अ. | [illegible] | | |
| २६ | सन्देश सापकोटा | हे. अ. | " | | |
| २७ | नारायण प्रसाद लौडारी | लेखापाल | " | | |
| २८ | दामोदर ह्याम्पाने | का.सहायक [illegible] | " | | |
| २९ | शेणु नेपाली | स्व.के.अ. | " | | |
| ३० | सन्तन न्यौपाने | अ.हे.व. | " | | |
| ३१ | डा. सरोज भट्टराई | मे.अ. | प्रा.स्वा.के. | | |
| ३२. | जिल्ला अस्पताल -सैनि | का.स. | " | | |
| ३३ | जिल्ला प्रशासन -सौक | | | | |
| ३४ | ज्ञानेन्द्र प्र. तिमिल्सिना | प्रमुख | त्रिपुरा परामर्श सेवा केन्द्र | | |
| ३५. | | | | | |

माथी उल्लेखित व्यक्तिहरुको उपस्थितिमा लैङ्गिक
समानता तथा सामाजिक समावेशीकरण परिक्षण (GESI
AUDIT) बारे कार्यक्रम सम्पन्न गरि आगामि दिनमा अझ
थप प्रभावकारीता सहकार्य समन्वय हुने भ'नरी (GESI
AUDIT) गर्ने निर्णय गरि परिक्षण सम्पन्न गरियो।

अनुसूची २

लैङ्गिक समनता तथा सामाजिक समावेशीकरण परीक्षण अवधिका झलकहरु :

CamScanner


GESI AUDIT

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण
GESI AUDIT


लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण
GESI AUDIT

CamScanner

अनुसूची ३

**बलेफी गाँउपालिकाको आधारभूत तथ्याङ्कहरु:**

कुल जनसंख्या : २४१०९
पुरुष : ४९.९ प्रतिशत
महिला : ५०.१ प्रतिशत
कुल परिवार संख्या : ६६५५
साक्षरता : ७०.८ प्रतिशत
अपाङ्गता : ३.७ प्रतिशत

**अनुसूची - ४**

सन्दर्भ सामाग्रीहरु :

- स्थानीय सरकार संचालन ऐन २०७४
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि ।
- बलेफी गाउँपालिकाको आ.व. ७९/०८०, ०८०/८१ र ०८१/८२ को नीति, योजना तथा कार्यक्रम पुस्तिका ।
- बलेफी गाउँपालिकाको विविध प्रकाशनहरु ।

CamScanner